# तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*

पत्र संख्या :
चलानी नं. :

२०७७ बैशाख १९
मिति...............................

## श्रमिक दिवस सन् २०२० को हार्दिक शुभकामना !

सर्व प्रथम १३१ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मे १, २०२० का अवसरमा सम्पूर्ण श्रमिकहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा संविधानले श्रमिक वर्गको हकहित अर्थात उपयुक्त वातावरण, न्यायोचित पारिश्रमिक, रोजगारीको सुनिश्चितता र सामाजिक सुरक्षा लगायतका सवालमा सम्बोधन गरेको छ । संविधानमा श्रमिक हक, अधिकारका कुरा उल्लेख भएपनि त्यसलाई व्यवहारमा उतार्ने दायित्व संघीय, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्रका संघसंस्था, उद्योगपति, व्यवसायीसँगै जागरुक नागरिकहरुको समेत हो । यतिबेला विश्वव्यापी रुपमा कोरोना भाइरस (COVID-19) संक्रमणको संत्रास फैलिएको अवस्था विद्यमान छ भने देश र विदेशमा रहेका लाखौं श्रमिक कोरोनाका कारण रोजगारी गुमाउनुपर्ने अवस्थाबाट उत्पन्न हुने शंकट र परिवारको पालन, पोषणका सवालले चिन्तित रहेका छन् । कोरोना संक्रमण रोकथामका सिलसिलामा देश लकडाउनमा छ र सबैभन्दा मारमा श्रमजीवी वर्ग छन् भन्नेतर्फ सरोकारवाला सबैको ध्यान जानु आवश्यक छ ।

समृद्ध र सबल नेपाल निर्माणका लागि कृषि क्षेत्रमा क्रियाशील लगायत सम्पूर्ण श्रमिक वर्गको महत्वपूर्ण योगदान रहेको छ । यसैगरी तानसेन, पाल्पाको समग्र विकास निर्माण तथा समृद्धिको अभियानमा श्रमिक वर्गको महत्वपूर्ण भूमिका छ । सीर्जनशील, सीपयुक्त, सबल, सक्षम श्रमजीवी युवा जनशक्तिले मात्र विकास निर्माण अभियान सफल तुल्याउँदै समृद्ध नेपालको सपना साकार पार्न सक्नेछ भन्ने तथ्यमा हामी विश्वस्त छौं । कृषि, पशुपालनसंग जोडिएका उद्यम व्यवसायमा युवालाई आकर्षित गर्दै युवा स्वरोजगार अभियानलाई तानसेन नगरपालिकाले प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । साथै आगामी दिनमा समेत श्रममा आधारित विकास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने छ ताकि श्रमप्रति युवापुस्तामा सम्मानभाव सिर्जना होस् ।

अन्त्यमा, कोरोना संक्रमण रोकथाममा श्रमजीवी वर्गको सहयोगप्रति आभार प्रकट गर्दै १३१ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा काम अनुसार पारिश्रमिक, आराम, मनोरञ्जन तथा नेपालको संविधानले उल्लेख गरेका सवाल व्यवहारमै कार्यान्वयन होस् भन्ने कामना गर्दछौं । यस शंकटपूर्ण अवस्थामा निरन्तर खटनुहुने सम्पूर्ण श्रमजीवी आमाबुबा, दिदीबहिनी, दाजुभाइको सुस्वास्थ्यको कामना गर्दछौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि श्रमिक वर्गको योगदान पुनः स्मरण गर्दै श्रमिक वर्गको हक हित र उन्नतिका लागि यथासम्भव सहयोग गर्न तानसेन नगरपालिका तत्पर रहेको अवगत गराउँदै मे दिवसको हार्दिक शुभकामना प्रकट गर्दछौं ।

Mayor

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

Scanned with CamScanner